# ओसारप्रसारको काम मनपरेको छैन



**विराटनगर (न्यू सृष्टि दैनिक)-** विराटनगरका अपाङ्गता भएका व्यक्तिले आफूहरूलाई ओसारप्रसारको अवैधानिक काम मन नपरेकोले सरकारले कानूनमा नै व्यवस्था मिलाएर रोजगारीको प्रवन्ध गर्नु पर्ने माग गरेका छन् ।

विराटनगरमा बुधबार पत्रकार सम्मेलनको आयोजना गर्दै अति अशक्त अपाङ्गता भएका व्यक्तिको गरीब परिवारमा जन्म भएको र परिवारको लालनपोषण गर्न सरोकारवाला निकायसँग पटक-पटक कामको माग गर्दा कतैबाट पनि कुनै सुनुवाई नभएको बताइयो ।

विगत १५ वर्षदेखि सीमान्त भारतमा खाद्यान्न किनेर रानी भन्सार नाकाबाट ओसारप्रसार गरी दैनिक ५ सय रूपैयाँ आर्जन गर्दै आएको जानकारी गराइयो ।

अपाङ्गता भएका व्यक्ति यमुनाकुमार रायले सो खाद्यान्न घरी महानगरका नगर प्रहरी, घरी विराटनगरका प्रहरी प्रशासन र एपीएफ, रानी भन्सारका कर्मचारीले सामान खोसिदिने, रोक लगाउने, त्राइसाइकल उल्टाइदिने, कुटपीट गर्ने अमर्यादित काम गरी हैरानी दिएको बताए ।

पत्रकार सम्मेलनमा भेला भएका २० बढी अपाङ्गता भएका व्यक्तिले ७ बुँदै माग सार्वजनिक गरे ।

अपाङ्गता भएका व्यक्तिलाई सरकारले रोजगारी दिनुपर्ने, ओसारप्रसार रोक्नका लागि वैकल्पिक सीप विकास र विउँपुजी उपलब्ध गराउनु पर्ने, अपाङ्गता भएका व्यक्तिको घर परिवारको गाँस, बास र कपासको व्यवस्था सुनिश्चित गरियोस् भन्ने माग छ ।

यस्तै सन्तानका लागि निःशुल्क शिक्षा र स्वास्थ्यको व्यवस्था, स्वास्थ्य बीमा, परिवारको पालनपोषणको जिम्मा सरकारले लिनु पर्ने, रोजगारी सुनिश्चित गर्नु पर्ने नसके भिक्षा मागेर खाने परिचय पत्र उपलब्ध गराइयोस् भन्ने माग अघि सारिएको छ ।

# तेली महिला सम्मानित हुने

**विराटनगर (न्यू सृष्टि दैनिक)-** तेली कल्याण समाज नेपाल, मोरङले विभिन्न माध्यमबाट सेवा पुऱ्याएका तेली महिलालाई सम्मान गरिने भएको छ ।

मोरङ अध्यक्ष डा. बालकृष्ण साहको अध्यक्षतामा सम्पन्न समाजको बैठकले सम्मान कार्यक्रम चैत ३० गते शनिबार आयोजना गर्ने निर्णय गरेको हो ।

कार्यक्रमका लागि गठन गरिएको उपसमितिले सम्मानका विधाहरू निर्धारण गर्ने छ । यस वर्षको सम्मान कार्यक्रम जिल्ला सदस्य ऋषिराज सेठको संयोजकत्वमा सम्पन्न गरिने छ ।

सम्मान कार्यक्रम तयारी उपसमितिमा जिल्ला सदस्यद्वय गणेश कुमार साह र अरुणादेवी साह, समाजका रंगेली नगर समितिका उपाध्यक्ष भीम साह, विराटनगर महानगर समितिका सचिव जगत लाल साहसहित ५ सदस्यीय समिति गठन गरिएको जिल्ला सचिव सुनिल साहले जानकारी गराए ।

समाजले पछिल्ला २ वर्षदेखि निरन्तर आयोजना गर्दै आएका वनभोज, क्यालेन्डर प्रकाशन, रक्तदान, प्रशिक्षण तथा सम्मान कार्यक्रमहरूलाई निरन्तरता दिने निर्णय गरेको छ ।

नेपाली हुनुमा गर्व गरौं । नेपाली उत्पादन प्रयोग गरौं
PLO
LUBRICANT

# चैत्र २० गते विराटनगरमा हजारौं सहकारीकर्मी भेला

**न्यू सृष्टि दैनिक**
**विराटनगर**

यस वर्षको राष्ट्रिय सहकारी दिवसको मूल कार्यक्रम विराटनगरमा हुने भएकोछ ।

चैत २० गते हुने उक्त कार्यक्रम कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्कीको प्रमुख आतिथ्यतामा हुने जनाइएको छ । कार्यक्रमलाई भव्य बनाउन जिल्ला सहकारी संघ लि. मोरङका अध्यक्ष डा. डिल्ली पोखरेलको संयोजकत्वमा ५०१ सदस्यीय मूल समारोह समिति गठन गरिएको जिल्ला बचत तव्या ऋण सहकारी संघका अध्यक्ष प्रेमप्रकाश कोइरालाले बताए ।

कार्यक्रमलाई व्यवस्थित बनाउन १२ विभिन्न उपसमिति गठन गरिएका छन् । विजयहरि खतिवडाको संयोजकत्वमा प्रचार-प्रसार, जितेन्द्र झाको संयोजकत्वमा स्वास्थय उपसमिति बनेको छ । झाँकी व्यवस्थापन विजयकुमार माझी, दीपप्रज्ज्वलन सीता लामिछाने, हलमञ्च राकेश दाहाल र खानेपानी नारायण ढकाल छन् ।

पार्वता बराल स्वागत सत्कार, गोपाल धिताल पार्किङ व्यवस्थापन, गोविन्द निरौला ऱ्याली व्यवस्थापन, ई. कमलेश्वर ठाकुर स्वयम सेवक व्यवस्थापन र अमृत गुरुङ आर्थिक व्यवस्थापन संयोजक छन् ।

कार्यकमअनुसार चैत १८ गते साँझ ४ बजेदेखि पुष्पलाल चोकबाट बृहत मोटरसाइकल ऱ्याली र चैत १९ गते साँझ ६ बजे महेन्द्र चोकमा दीप प्रज्ज्वलन कार्यक्रम राखिएको छ ।

प्रचार उपसमितिका सह-संयोजक अविनाश निधिका अनुसार चैत २० गतेको कार्यक्रममा सहभागी हुन मोरङमा रहेका करिब ९ सय सहकारी संघ/संस्थाका हजारौं सहकारीकर्मी विराटनगरमा आउनेछन् । विभिन्न उपसमिति सहितको बैठकले कार्यक्रम तयारी सम्वन्धि आवश्यक निर्णय गरेको जिल्ला बहुउद्देश्यीय सहकारी संघ लि. मोरङका अध्यक्ष माधव अधिकारीले बताए ।

# भित्तेपात्रो सार्वजनिक

**विराटनगर (न्यू सृष्टि दैनिक)-** सत्यनारारण मंदिरको प्रांगणमा मन्दिरले प्रकाशित गरेको भित्तेपात्रो- ०८२ सार्वजनिक गरिएको छ । मंदिरका कार्यवाहक अध्यक्ष प्रदीप तोदी, सरंक्षक मंडलका अध्यक्ष शंकर लाल अग्रवालको आतिथ्यतामा भित्तेपात्रो सार्वजनिक गरियो ।

मन्दिर कार्य समितिका कोषाध्यक्ष संतोष कुमार अग्रवाल, हंसराज अग्रवाल, शिरोमणी सरंक्षक मंडलका सदस्य बजरंग बाहेती, संयोजक समितिका सल्लाहकार जितेंद्र राठी, सदस्य पं. लक्ष्मीनारायण, कवि लक्ष्मण नेवटियाका साथै भक्तजनको सहभागितामा भित्तेपात्रो सार्वजनिक गरिएको प्रकाशन उपसमितिका संयोजक घनश्याम राठीले बताए ।

न्यू सृष्टि दैनिकसँग कुरा गर्दै राठीले पाश्चात्य संस्कृतिको प्रभावलाई रोक्न पूर्वीय दर्शनमा आधारित राजा विक्रमादित्यले शुरू गरेको विक्रम सम्वत भित्तेपात्रोको महत्व झनै बढेको बताए ।

## न्यू सृष्टि दैनिक मुहार अनि रहर... LIKE & SHARE



**निर्वाचन समितिमाः** प्रेस चौतारी निर्वाचन समितिमा निर्वाचित भएपछि विराटनगरका संचारकर्मी सन्तोष सिग्देल ।



**स्रष्टासितः** सिन्धुपाल्चोकका जयराम सापकोटासित काठमाडौंका सक्रिय स्रष्टा श्रीराम राई तस्वीर खिचाउँदै ।



**कसले क्लीक गऱ्यो थाहै भएनः** विराटनगरका सक्रिय स्रष्टा लक्ष्मी स्मृति पराजुली कसैको क्यामरामा कैद भएपछि ।



**राष्ट्रिय एकता जिन्दावादः** बेलबारी निवासी सक्रिय स्रष्टा नवराज पोखरेल नवशिला धर्मपत्नी र छोरीका साथमा ।

# वाह, क्या बात !

## नेपाली सिने क्षेत्र एक विवेचना



**सन्तोष बाँस्तोला**

सेनेमा एक व्यवसाय मात्र होइन नसा पनि हो । सेनेमा रंगीन संसारमात्र होइन यसले आम रुपमा सबैका सामू चिनाउने र जिम्मेवार बनाउने माध्यम पनि हो । सूचना र प्रविधिको बढ्दो र अत्यधिक सहज पहुँचले पक्कै पनि कुनैबेला मनोरञ्जनको एकमात्र साधन सेनेमा क्षेत्र कमजोर भएको छ तर, यसमा सक्रिय हुनेको कमी छैन ।

यो क्षेत्रमा आज पनि लाखौंको सहभागिता रहने गरेको नेपाल र भारतमा । यसले रोजगारी मात्र दिएको छैन समाजको आर्थिक अवस्थालाई पनि बलियो बनाएको छ । यो क्षेत्र एक उद्योगका रुपमा विकास भएको छ अपितु यो व्यवसाय मात्र नभएर समाजको ऐना पनि हो ।

चलचित्र हिजो र आजमा व्यापक फेरबदल भएको छ । कलाकारमात्र होइन यसमा प्रयोग हुने प्रविधिमा समेत परिवर्तन भइरहेको छ । यो केबल सेलिब्रेटी उत्पादन गर्ने कारखाना मात्र नभएर देश चिनाउने प्रवेशद्वार पनि हो ।

चलचित्रले देशको अवस्था चित्रण गर्छ । देशको कला र संस्कृति चिनाउँछ । सेनेमा नै यस्तो एक सहज क्षेत्र हो जसको गुणात्मकता र कथाले संसारलाई त्यो देशको यथार्थ चित्रण गर्छ । कतिपय देशले सेनेमा हेरेकै आधारमा पर्यटन प्रपर्द्धन पनि गरेका छन् । पर्यटनको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिएको छ ।

नेपालको चलचित्र स्वर्णिम युगमा अभिनेता र अभिनेत्रीहरूको चर्चा जनमानसको मनमस्तिष्कमा अझै पनि गुन्जिरहेको छ । त्यो समय शिव श्रेष्ठ, भुवन केसी, राजेश हमाल, गौरी मल्ल, करिश्मा मानन्धर, विपना थापा, जल शाह, गौरी मल्ल लगायतका कलाकारहरूले हलमा दर्शकको भिड जम्मा गर्ने बेला थियो ।

त्यही समयमा मोरङ उर्लाबारीमा एक नवयुवा नरेन्द्र सेन्दाङ कला प्रतिको आफ्नो भित्री हुटहुटीबाट प्रेरित भई फिल्म निर्माण र कलाकारितामा पाइला राख्न थालेका थिए ।

१२/१३ वर्षको उमेरदेखि नै नाटक सक्रिय हुदै सडक नाटकबाट आफ्नो अभिनय यात्रा सुरु गरेका नरेन्द्रले ठूलो पर्दासम्मको यात्रा गर्न कलाश्री प्रतिष्ठानबाट अभिनयको प्रशिक्षण लिए । पूर्वाञ्चलकै सर्वोत्कृष्ट अभिनयकर्ता घोषणा गरिएको एक अभिनय प्रतियोगिताको फाइनलमा 'चन्द्रमामा मेरो घर छ' शीर्षकमा नौरसमय अभिनय प्रस्तुत गरेको क्षणलाई उनी सम्झने गर्छन् ।

कलाप्रतिको मोहले नै उनलाई पहिलो पटक राजेश हमाल, विपना थापा, श्रीजना बस्नेत, साम्दे शेर्पा जस्ता कलाकारहरूसँग फिल्म बगर निर्माण गर्न प्रेरित गऱ्यो । र, चलचित्र समेत निर्माण गर्न सफल भए ।

सानैदेखि संसारलाई आफ्नै आँखाले हेर्ने चाहना बोकेका नरेन्द्रले आफ्नो करियरको सिलसिलामा हङकङ हुँदै अमेरिकामा स्थायी बसोबास गरे पनि कलालाई कहिल्यै अलग हुन दिएनन् ।

दर्जनौं म्युजिक भिडियो र चलचित्रमा अभिनय गरिसकेका नरेन्द्र सेन्दाङ कलालाई आफ्नो जीवनको अभिन्न अङ्ग मान्छन्। उनी साहित्यमा पनि उत्तिकै रुचि राख्छन् र पोख्त छन् । उनका दर्जनौं गजल, गीत, निबन्ध, कथा, सयौं कविता प्रकाशित भइसकेका छन् ।

सेन्दाङ हङकङ-नेपाली कलाकार संघका संस्थापक अध्यक्ष समेत हुन् । उनले पहिलो साहित्य गोष्ठीमा निर्णायकको भूमिका पनि निभाएका थिए । किरात याक्थुङ चुम्लुङको विधानको खाका कोर्नेदेखि लिएर हङकङमा हुने फेसन शोको प्रमुख निर्णायक सम्मको भूमिका निभाएका सेन्दाङ सामाजिक सेवामा पनि उत्तिकै प्रसिद्ध छन् ।

सेवा गर्न कुनै सीमाना नमान्ने सेन्दाङले भूकम्पपीडित, कोरोना महामारी, वा अन्य आपतकालीन अवस्थामा घर बिहिनका लागि घर निर्माणदेखि गरीब दुःखीका बच्चाहरूलाई शिक्षादानसम्मका काममा लाखौं खर्च गरिसकेका छन् । प्रचार प्रेमी नभएका कारण ऊनी जोकोहि लाई पनि सहयोग गर्छ्न तर बताउदैनन् ।

यिनै सकारात्मक सोच र कार्यका कारण, सात समुद्रपारि रहेर पनि उनले आफ्नो देशप्रतिको जिम्मेवारीलाई कहिल्यै छुट्न दिएनन् । सेन्दाङ भन्छन्, 'विगतमा मैले निर्माण गरेका केही चलचित्रले हतोत्साहित गरे पनि भविष्यमा यसै क्षेत्रमा क्रियाशील रहिरहनेछु ।' मलाई पुनः राम्रो कथा बस्तुमा नेपाली चलचित्र निर्माण गर्न मन छ । अमेरिका बाट नेपाल आउँदा नेपाली दर्शकका लागी एउटा मन छुने चलचित्र निर्माण गर्नेछु भनेर उनले उत्साहका कुरा गरेका छन् ।

जस्तोसुकै भूमिका निभाउन सक्षम सेन्दाङले देश र विदेश दुबै ठाउँबाट माया पाएका छन्। नेपालमा चलचित्र क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तिहरूलाई सरकारले विकास बोर्डमार्फत सम्मान गर्दै आएको छ । तर, जिन्दगी नै कला, साहित्य, र समाजसेवामा समर्पित सेन्दाङजस्ता व्यक्तित्वलाई अझैसम्म सम्मान गर्न नसक्नु हाम्रो समाजक र सरकारका लागि सोचनीय विषय हो।

सेन्दाङ जस्ता कला-कौशल भएका मानिस हाम्रो देशका लागि प्रेरणादायक पात्र हुन् । आफ्नो मेहनत र प्रतिबद्धताले कलाकला, साहित्य, र सामाजिक सेवामा निरन्तर लाग्ने यस्ता व्यक्तित्वहरू नेपाली समाजका लागि उदाहरणीय पात्र हुन् ।

**वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, बिराटनगरको सम्पूर्ण उपभोक्ताहरुमा अनुरोध**

**गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गरौं,उपभोक्ताको सवैधानिक हकको सदुपयोग गरौं।**

- ✓ कुनैपनि उपभोग्य वस्तु खरिद गर्नु अघि त्यसको लेबल (उत्पादक, अधिकतम खुद्रा मूल्य, उत्पादन मिति, उपभोग गर्न सकिने अबधि आदि) हेरी खरिद गरौं ।
- ✓ वस्तु वा सेवा खरिद गरेपश्चात भुक्तानी गरेको मूल्य बराबरको बिल लिने गरौं ।
- ✓ कालोबजारी, कृत्रिम अभाव, नाफाखोरी गर्ने विरुद्ध उजुरी गरौं ।
- ✓ आम उपभोक्तालाई प्रदान गरिएको वस्तु वा सेवामा गलत गरेको पाइएमा यस कार्यालय (०२१-४७५४५४) वा टोल फ्रि नम्बर ११३७ मा फोन गरौं ।
- ✓ उपभोक्ता संरक्षण ऐन, २०७५ अनुसार उपभोक्ता अधिकारको प्रयोग गरौं ।




## Invitation for Bids
### Sundarharaicha Municipality
Office of Municipal Executive
Biratchowk, Morang, Koshi Province, Nepal
Second Notice of publication: 2081/12/14

1. The Sundarharaincha Municipality, Office of Municipal Executive invites electronic bids from eligible bidders for the procurement as stated in table below under **SQ** bidding procedures specified in Public Procurement Act and Regulations.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents may visit e-GP system: www.bolpatra.gov.np/egp.
3. For bidding document Fee in the following bank.
   Name of the Bank: Agricultural Development Bank
   Name of the Office: Sundarharaincha Municipality
   Office Account No.: 0601501147630146
   Rajaswa Shirshak no: 14229
   Office code no: 801011309
4. Bids must be valid for a period of **45 Days**counting from the day of bid opening.Amounting to a Minimum of as stated in a table below. which shall be valid for a minimum of 30 days beyond the bid validity period. For Cash Deposit Bank details:
   Name of the Bank: Agricultural Development Bank
   Name of the Office: Sundarharaincha Municipality
   Office Account No.: 0601501147630030
5. If the Bid opening day falls on a government holiday, then the Bid will be opened on the next working day.
6. Any change or amendment on notice or bid document will be published on e-GP system: www.bolpatra.gov.np/egp or office website: www.sundarharaichamun.gov.np

| S. N. | Contract ID No. | Name of Project Work | Estimated Amount Nrs. (without VAT) | Bid Document Fee (Nrs.) | Bid Security Amount (Nrs.) | Last Date of Bid Submission | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SHM/MOR/SQ/W/44/2081/082 | Supply and Installation of CCTV Cameras, equipments and fiber, Sundarharaicha Municipality | 1326780.00 | 1000.00 | 38000.00 | 2081/12/29 12:00PM | 2081/12/29 01:00PM | SQ (Re-Bid) |

- **Chief Administrative Officer**